# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, असार ३० गते, २०७४ साल (अतिरिक्ताङ्क ८


## भाग २

नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### संवत् २०७४ सालको ऐन नं. ६

आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका - संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७४" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन सम्वत् २०७४ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. आर्थिक वर्ष २०७४/७५ को निमित्त संघीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची-१ बमोजिम संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ११,९५,३७,८१,३१,०००।– (अक्षरेपी एघार खर्ब पन्चानब्बे अर्ब सैंतीस करोड एकासी लाख एकतीस हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस ऐनद्वारा संघीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा अर्थ मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) प्रदेश तथा स्थानीय तहका लागि अनुदान संख्या ७०१ र ८०१ मा विनियोजन भएको रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम अनुदान संख्या १०१ देखि ६०२ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था: (१) प्रदेश ऐन बमोजिम प्रदेश सञ्चित कोषको व्यवस्था र सञ्चालन भएपछि अनुदान संख्या ७०१ को रकम कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको साउन १ गते, मंसीर १ गते र चैत्र १ गते गरी ३ किस्तामा दाखिल गर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रदेश सञ्चित कोषमा रकम हस्तान्तरण नभएसम्म प्रदेश सञ्चालनको लागि लाग्ने खर्च अनुदान संख्या ७०१ बाट व्यहोरिनेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोषको व्यवस्था र सञ्चालन नभएसम्म उपदफा (४) बमोजिम प्रदेश सञ्चालन गर्न लाग्ने खर्च अर्थ मन्त्रालयले खर्च शीर्षकहरुमा बाँडफाँड गरी सम्बन्धित निकायलाई निकासा दिनेछ ।

५. स्थानीय तहमा योजना वा कार्यक्रम हस्तान्तरण सम्बन्धी व्यवस्था: (१) नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहको अधिकारको सूचीभित्रको विषयमा नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी यस ऐन बमोजिम विनियोजन भएको योजना वा कार्यक्रममध्ये गाउँपालिका भित्रको भए पचासलाख रुपैयाँसम्म, नगरपालिकाभित्रको भए एक करोड रुपैयाँसम्म र उपमहानगरपालिका वा महानगरपालिकाभित्रको भए दुई करोड रुपैयाँसम्म विनियोजन भएको योजना वा कार्यक्रम त्यस्तो योजना वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्रम विनियोजन भएको निकायले सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाले कार्यान्वयन गर्ने गरी हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम विनियोजन भएको निकायले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो योजना वा कार्यक्रम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई हस्तान्तरण गरी त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र विनियोजन भएको निकायबाट योजना वा कार्यक्रम हस्तान्तरण नभएमा अर्थ मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई सोझै हस्तान्तरण गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गाउँपालिका वा नगरपालिकासँग नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहको अधिकारको सूचीभित्रको विषयको सो उपदफामा लेखिएभन्दा बढी विनियोजन भएको कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने जनशक्ति तथा भौतिक क्षमता भएमा त्यस्तो योजना वा कार्यक्रम समेत विनियोजन भएको निकायले सम्बन्धित गाउँपालिका वा नगरपालिकाले कार्यान्वयन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम विनियोजन भएको निकायले कुनै योजना वा कार्यक्रम गाउँपालिका वा नगरपालिकालाई हस्तान्तरण गरेमा त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिकालाई हस्तान्तरण भएको योजना वा कार्यक्रमको लागि विनियोजन भएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई यस ऐन तथा प्रचलित कानून बमोजिम निकासा दिनेछ ।

६. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछः–

)क( नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

)ख( सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

)ग( अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

)घ( पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

)ङ( आय-व्ययको वर्गीकरण तथा लेखांकन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने ।

(३) उपदफा (१) बमोजिमको कानून नबनेसम्म प्रदेश तथा स्थानीय तहले दफा ८ बमोजिमको कार्यविधि तथा मापदण्डको पालना गरी खर्च गर्नु पर्नेछ ।

७. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:) १ प्रचलित कानूनमा ( जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ ।

)२) उपदफा (१बमोजिम ( खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

)३कुनै निकाय (लाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

)४) उपदफा (३बमोजिम (को बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

)५) उपदफा (३ बमोजिमको अवधिभित्र (कुनै निकायको प्रमुखले रकम बाँडफाँट नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम सम्बन्धित निकायहरुलाई सोझै बाँडफाँट गर्नेछ ।

)६प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ( मन्त्रालयगत बजेट सूचना प्रणालीमासमावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

)७) उपदफा (६ बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा ( समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

)८) उपदफा (७ (मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालयको प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

तर सचिव वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीको हकमा निजले कार्यक्रम संशोधन गर्न सक्नेछ ।

)९ (उपदफा )८ (बमोजिम संशोधन भएको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

८. <u>कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>ः )१( यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

)२ (उपदफा )१( बमोजिमको कार्यविधि तथा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

९. <u>आदेश जारी गर्न सक्ने</u>ः )१( यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

)२ (उपदफा )१( बमोजिमको आदेश नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ७,६२९ | ० | ७,६२९ |
| २ | १०२ | उपराष्ट्रपति | ६,६३५ | ० | ६,६३५ |
| ३ | २०२ | व्यवस्थापिका-संसद | २६,१५० | ० | २६,१५० |
| ४ | २०४ | अदालत | ४६,३३५ | ० | ४६,३३५ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८,१८६ | ० | ८,१८६ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २,०४८ | ० | २,०४८ |
| ७ | २१० | लोक सेवा आयोग | ८,८०९ | ० | ८,८०९ |
| ८ | २१२ | निर्वाचन आयोग | ७,९३० | ० | ७,९३० |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ६,३४७ | ० | ६,३४७ |
| १० | २१८ | न्याय परिषद् | १,७३६ | ० | १,७३६ |
| ११ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ५,५१६ | ० | ५,५१६ |
| १२ | २२२ | राष्ट्रिय महिला आयोग | ५,५१६ | ० | ५,५१६ |
| १३ | २२४ | राष्ट्रिय दलित आयोग | ५,५१६ | ० | ५,५१६ |
| १४ | २२६ | राष्ट्रिय समावेशी आयोग | ५,५१६ | ० | ५,५१६ |
| १५ | २२८ | आदिवासी जनजाति आयोग | ५,५१६ | ० | ५,५१६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | २३० | मधेशी आयोग | ५,५१६ | ० | ५,५१६ |
| १७ | २३२ | थारू आयोग | ५,५१६ | ० | ५,५१६ |
| १८ | २३४ | मुस्लिम आयोग | ५,५१६ | ० | ५,५१६ |
| १९ | २५० | प्रदेश प्रमुखहरु | १०,४१६ | ० | १०,४१६ |
| २० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २६,२४४,५८० | २०,०४७,८५५ | ४६,२९२,४३५ |
| २१ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३,९८०,५२३ | २९,०३९,८१९ | ३३,०२०,३४२ |
| २२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ५७४,८५५ | ३,५१२,७४३ | ४,०८७,५९८ |
| २३ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | ४०,००० | ० | ४०,००० |
| | | जम्मा | ३१,०१६,३०७ | ५२,६००,४१७ | ८३,६१६,७२४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

## संघीय सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ११९,११३ | ३१,६६२ | ० | १५०,७७५ |
| २ | १०२ | उपराष्ट्रपति | ३१,४६० | ५,३७० | ० | ३६,८३० |
| ३ | २०२ | व्यवस्थापिका-संसद | १,६६७,४४७ | ५०,०८० | ० | १,७१७,५२७ |
| ४ | २०४ | अदालत | ४,२०५,३७३ | ९६९,९५७ | ० | ५,१७५,३३० |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८५४,५२४ | ३०९,९९८ | ० | १,१६४,५२२ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ३९९,९५१ | २१८,१९९ | ० | ६१८,१५० |
| ७ | २१० | लोक सेवा आयोग | ६०७,३४३ | ६७,५८० | ० | ६७४,९२३ |
| ८ | २१२ | निर्वाचन आयोग | ५८६,७२५ | ११४,४५८ | ० | ७०१,१८३ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार | १९४,५०२ | ३,८२५ | ० | १९८,३२७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आयोग | | | | |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | ६९१,००८ | २५०,२४७ | ० | ९४१,२५५ |
| ११ | २१८ | न्याय परिषद् | ६४,६४४ | ९,०८७ | ० | ७३,७३१ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १७ | २३० | मधेशी आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १८ | २३२ | थारू आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| १९ | २३४ | मुस्लिम आयोग | २०,००० | १०,००० | ० | ३०,००० |
| २० | २५० | प्रदेश प्रमुखहरु | ३५,००० | ३५,००० | ० | ७०,००० |
| २१ | ३०१ | प्रधानमन्त्री तथा | ७७,२७९,३१९ | ७२,३४२,७५४ | ० | १४९,६२२,०७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मन्त्रिपरिषद्को कार्यालय | | | | ३ |
| २२ | ३०५ | अर्थ मन्त्रालय | १०,०१६,५४५ | १,९७८,५०७ | ० | ११,९९५,०५२ |
| २३ | ३०६ | आपूर्ति मन्त्रालय | ९२४,०५६ | ७०,८५४ | ० | ९९४,९१० |
| २४ | ३०७ | उद्योग मन्त्रालय | ३,८१९,६७१ | ४,३५८,३०३ | ० | ८,१७७,९७४ |
| २५ | ३०८ | उर्जा मन्त्रालय | १,७९७,४६६ | १२,८५३,९३९ | ४,६४८,००० | १९,२९९,४०५ |
| २६ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २११,१६५ | ६,७८८ | ० | २१७,९५३ |
| २७ | ३१२ | कृषि विकास मन्त्रालय | २०,४६३,८८७ | ३,७९८,०५० | ० | २४,२६१,९३७ |
| २८ | ३१३ | खानेपानी तथा सरसफाई मन्त्रालय | १,६७०,३३३ | २१,०३३,७४० | ० | २२,७०४,०७३ |
| २९ | ३१४ | गृह मन्त्रालय | ४७,६८०,९३१ | ७,४११,५५९ | ० | ५५,०९२,४९० |
| ३० | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३,८७०,२८३ | १,२२३,०८१ | ० | ५,०९३,३६४ |
| ३१ | ३२६ | परराष्ट्र मन्त्रालय | ३,५५०,४८७ | २,७५५,५१० | ० | ६,३०५,९९७ |
| ३२ | ३२७ | पशुपन्छी | ४,३८७,१३० | १,७४७,६०८ | ० | ६,१३४,७३८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकास मन्त्रालय | | | | |
| ३३ | ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | १०,३२०,३६६ | ५,०२४,०२८ | ० | १५,३४४,३९४ |
| ३४ | ३३० | वाणिज्य मन्त्रालय | ६९०,७५९ | १,०९३,९९० | ० | १,७८४,७४९ |
| ३५ | ३३१ | जनसंख्या तथा वातावरण मन्त्रालय | ५,९३२,८०५ | १,७१४,९७८ | ० | ७,६४७,७८३ |
| ३६ | ३३२ | विज्ञान तथा प्रविधि मन्त्रालय | ४४९,८७३ | ७६२,१४८ | ० | १,२१२,०२१ |
| ३७ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ५,५०६,८१३ | १,१९१,८०९ | ० | ६,६९८,६२२ |
| ३८ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७,०५०,५७७ | ८९,५०६,६८७ | ० | ९६,५५७,२६४ |
| ३९ | ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २,०२३,२९३ | २०५,१३७ | ० | २,२२८,४३० |
| ४० | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | २,२३९,६१० | २,८२६ | ० | २,२४२,४३६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१ | ३४५ | रक्षा मन्त्रालय | ३९,९२१,७५२ | ५,१६४,३६६ | ० | ४५,०८६,११८ |
| ४२ | ३४७ | शहरी विकास मन्त्रालय | ८,५६६,६४२ | २१,९१६,४०० | ० | ३०,४८३,०४२ |
| ४३ | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ९५४,९७६ | ७७७,५८१ | ० | १,७३२,५५७ |
| ४४ | ३५० | शिक्षा मन्त्रालय | ६५,७१६,४५० | ४०७,९६६ | ० | ६६,१२४,४१६ |
| ४५ | ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १,५९८,१५६ | ७०,७१० | ० | १,६६८,८६६ |
| ४६ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | १,०६०,५८६ | ४१,०५२ | ० | १,१०१,६३८ |
| ४७ | ३५७ | सिंचाइ मन्त्रालय | १,८५५,१७१ | २५,५५०,६६९ | ० | २७,४०५,८४० |
| ४८ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ४,३८३,५४२ | ५९२,८५७ | ० | ४,९७६,३९९ |
| ४९ | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ५२,७६८,२३७ | २९,०८५,६५६ | ० | ८१,८५३,८९३ |
| ५० | ३७० | स्वास्थ्य मन्त्रालय | २५,८८१,२५७ | ५,८९९,८४२ | ० | ३१,७८१,०९९ |
| ५१ | ३७१ | श्रम तथा रोजगार | ९४७,०९२ | १९५,०७९ | ० | १,१४२,१७१ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | | |
| ५२ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | १,२३२,३२७ | ७३,०३३ | ० | १,३०५,३६० |
| ५३ | ५०१ | अर्थ मन्त्रालय-वित्तीय व्यवस्था | ० | ० | ८३,०३९,०१४ | ८३,०३९,०१४ |
| ५४ | ६०१ | अर्थ मन्त्रालय-कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ६०,८३३,००० | ० | ० | ६०,८३३,००० |
| ५५ | ६०२ | अर्थ मन्त्राल-विविध | ५५,०९५,४०९ | १४,१७३,००० | ० | ६९,२६८,४०९ |
| ५६ | ७०१ | प्रदेश | ७,१४३,५०० | ० | ० | ७,१४३,५०० |
| ५७ | ८०१ | स्थानीय तह | २२५,०५४,५९१ | ० | ० | २२५,०५४,५९१ |
| | | जम्मा | ७७२,५१५,१४७ | ३३५,१७५,९७० | ८७,६८७,०१४ | १,१९५,३७८,१३१ |

**प्रमाणीकरण मिति: २०७४।३।३०**

**आज्ञाले,**

**रमेश ढकाल**

**नेपाल सरकारको नि. सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।